


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन। परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरूवात आफैबाट गर्नुपर्दछ। परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २३ ❑ अङ्क ५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागुन २७ गते शुक्रबार ❑ 11 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## परनिर्भरताले अर्थतन्त्रमा समस्या – अर्थमन्त्री शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ फागुन**

नेपाल सरकारका अर्थमन्त्री जनार्दन शर्माले मुलुको अर्थतन्त्र सुदृढका लागि कृषि, पर्यटन र उर्जाको क्षेत्रको महत्वपूर्ण भूमिका रहने बताएका छन् ।

१७ औं लेखनाथ महोत्सवको विहिबार लेखनाथमा उद्घाटन गर्दै, मन्त्री शर्माले आयातलाई प्रतिस्थापन गर्न कृर्षिमा आत्मनिर्भर, पर्यटनको प्रर्वद्धन र विकास एवं उर्जाको खपत बढाउनु पर्नेमा जोड दिए । मन्त्री शर्माले खाद्यान्न देखी विलासिताका बस्तुहरुको आयातमा मुलुकको ठुलो आर्थिक हिस्सा खर्चनु पर्दा विदेशी मुद्राको संचिती घटेको उल्लेख गर्दै, परनिर्भरता बद्धदै गएको बताए ।

कृर्षि उत्पादनमा आत्मनिर्भर हुन सके अर्थतन्त्रमा सकरात्मक प्रभाव पर्ने उल्लेख गर्दै, नीजि क्षेत्रले त्यसमा लगानी गर्न आग्रह गरे । मन्त्री शर्माले पछिल्लो समय आतिथ्यताको क्षेत्रमा लगानी बद्धदै गएको उल्लेख गर्दै, पर्यटकको बसाई लम्ब्याउने खालका कार्यक्रम ल्याउन समेत नीजि क्षेत्रलाई आग्रह गरे। उनले गण्डकी प्रदेशमा पर्यटन पूर्वाधारको विकासमा फड्को मारेको स्पष्ट पार्दै, लगानीका नयाँ क्षेत्र खोज्न सुझाव दिए । उनले नीजि क्षेत्र सरकारको ७० प्रतिशतको साँझेदार भएको



उल्लेख गर्दै, आत्मनिर्भर हुने परियोजनामा राज्यले छुटको व्यवस्था समेत गरेको बताए। मन्त्री शर्माले पोखरा देखी काठमाण्डौंसम्मको यात्रालाई दुई घण्टामा व्यवस्थापन गर्ने गरी योजना बनाएको उल्लेख गर्दै, अहिलेको सडक विस्तार योजनामा भएका त्रुटीलाई सुधार गरेर अघि वढ्ने बताए ।

मन्त्री शर्माले कोभिड र रुस एंव युक्रेनको द्धन्दका कारण नेपालको अर्थतन्त्रमा समेत प्रभाव परेको उल्लेख गर्दै, राज्यले त्यसमा सुधार हुने गरी नीतिगत निर्णय गरेर अघि बढ्ने बताए। रेमिट्यान्स घट्दा र गैरकानुनी तरिकाले हाइफर फण्ड, क्रिप्टोकरेन्सी लगायतका क्षेत्रमा लगानी हुँदा समेत अर्थतन्त्रमा समस्या परेको बताए । पुँजिगत खर्च बढाउन अन्तर मन्त्रालयका विच समन्वयको अभाव देखिएको उल्लेख गर्दै मन्त्री शर्माले त्यसमा गंभिर रहेको बताए। कार्यक्रममा पूर्व स्वास्थ्य मन्त्री एवं संघीय सांसद खगराज अधिकारीले विश्वव्यापी कोभिडको प्रभावले शिथिल भएको अर्थतन्त्रमा व्यापार मेलाहरुले विस्तारै गतिलिने बताए । उनले स्थानीय तहको पुर्नसंरचना हतारमा भएको उल्लेख गर्दै, त्यसमा सुधारको आवश्यकता रहेको उल्लेख गरे । पोखरा महानगरपालिका भौगोलिक हिसावले ठुलो हुँदा सेवा प्रवाहमा चुस्तता हुन नसकेको उल्लेख गर्दै, वडा थप्ने वा स्थानीय तह थप्ने भन्ने बहस चलेको बताए। कार्यक्रममा नेपाल उद्योग बाणिज्य संघका बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले राज्यको पूँजिगत खर्च गर्ने पद्दती नमिलेको बताए। उनले तीन तहका सरकारका विचमा समन्वय नभएको, विकास आयोजनाको खर्च समयमा नहुँदा बजारमा तरलताको अवस्था आएको बताए । पूर्वमन्त्री एवं नेपाली काग्रेसका नेता यज्ञवहादुर थापाले लेखनाथका व्यवसायीहरुमा राजनितिक मनमुटाव नभई एकताका कारणले मेला महोत्सव सफल हुँदै आएको बताए । संघका अध्यक्ष छत्रधर आत्रेयको अध्यक्षमा भएको कार्यक्रममा नेपाली काग्रेसका गण्डकी प्रदेशका सभापति शुक्रराज शर्मा, कास्की सभापति किशोर बराल, नेकपा माओवादी केन्द्र कास्कीका नेता बखान सिंह तमु, नेकपा एमाले कास्कीका उपाध्यक्ष तेजनारायण अधिकारी, नवलपुर उद्योग बाणिज्य संघका अध्यक्ष डासुराम पोखरेल, इकोप्यानलका सुवोध त्रिपाठी, लेखनाथ उद्योग बाणिज्य संघका उपमहासचिव जानुका पराजुली लगायतले महोत्सवका सम्वन्धमा धारणा व्यक्त गरेका थिए । कार्यक्रमको संचालन महासचिव उपेन्द्र सुवेदी राजु र बरिष्ठ उद्घोषक नेत्रपाणी वास्तोलाले गरेका थिए।

बिहीबार देखि शुरु भएको महोत्सव चैत्र ७ गतेसम्म संचालन हुनेछ । महोत्सवमा विभिन्न बस्तु तथा सेवाका तीन सय भन्दा बढी स्टलहरु राखिएका छन् । मनोरञ्जनका लागि बालउद्यान, युवा पुस्ताका लागि गायन, लोकदोहोरी, महिलाहरुको रत्यौली गीत प्रतियोगिता सहित दैनिक स्टेजमा मनोरञ्जनात्मक कार्यक्रमहरु राखिएका छन् ।

## रोटरी लेकसाइडको निःशुल्क मृगौंला परीक्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ फागुन**

गण्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले हरेक व्यक्तिले आफ्नो मृगौला स्वस्थ राख्न खानपिनमा बिषेश ध्यान दिनैपर्ने बताउनु भएको छ।

विश्व मृगौंला दिवसको अवसरमा रोटरी क्लब अफ पोखरा लेकसाइडले पोखराको मुस्ताङचोकस्थित किड्नी केयर सेन्टर निर्माणस्थलमा बिहीबार आयोजना गरेको निःशुल्क मृगौंला परीक्षणको उद्घाटन गर्दै मन्त्री बराललले उक्त कुरा बताउनु भएको हो । पहिलाको तुलनामा हिजोआज हाम्रो खानपिनमा धेरै परिर्वतन आएकोले गर्दा मानव स्वथ्यमा निकै खर्चिलो मृगौला, मुटु सम्बन्धि विभिन्न रोगहरु लाग्ने गरेको उहाँको भनाई थियो। उहाँले भन्नु भयो " मुत्युलाई नजिक ल्याउने प्रयास हामीले गरेका छौं, हाम्रा लापरवाहीले विभिन्न रोगका कारण हाम्रो अकालमै मृत्यु वरण गर्नुपर्ने अवस्था रहेको छ ।" सोच, मनोविज्ञान र मानसिकतालाई परिवर्तन गर्नुपर्ने अवस्था रहेको मन्त्री बराललले जनाउनुभयो । मृगौला फेर्न वा डाइलोसिस गनुपर्ला निकै खर्चिलो यस रोगले धेरै नेपालीलाई समस्या पार्ने गरेको उहाँले बताउनु भयो। रोग लाग्नै नदिने गरी स्वस्थ खानपिनमा अनुसासित ढंगले



लाग्नुपर्ने मन्त्री बराललले बताउनु भयो । नेपालमा पनि मृगौलाका रोगीहरुको विकराल अबस्था रहेको उल्लेख गर्दै मन्त्री बराललले यस डाइलोसिस सेन्टर सहित निःशुल्क सेवा दिने उद्देश्यले स्थापना हुने उक्त सेन्टर स्थापनामा प्रदेश सरकारले आवश्यक सहयोग गर्ने जनाउनु भयो। चरक मेमोरियल अस्पतालका डा.क्लाराले समयमै स्वास्थ्य परीक्षण नगर्दा पछि जटिल समस्या उत्पन्न हुने गरेको बताउनु भयो ।

क्लवका अध्यक्ष हुम आलेको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा पोखरा महानगरपालिका वडा नम्बर ७ का वडा अध्यक्ष रामचन्द्र बराल, रोटरी क्लवका एसिस्टेन गर्भनर सन्तोष पोखरेल, गर्भनरका बिषेश प्रतिनिधि (जि.एस.आर.) विनोद कोइराला, कार्यक्रम संयोजक कृष्ण थापा, नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिना, क्लवका सचिव राजन कुमाल लगायतले वोल्नु भएको थियो। उक्त शिविरबाट २ सय ६७ जना लाभान्वित भएको क्लवले जनाएको छ।

पछिल्लो समय मिर्गौला रोगीको लागि उपचार विधि निकै महँगो हुने भएकोले यसमा सचेतना जगाउने उद्देश्यले उक्त कार्यक्रम गरिएको संयोजक एवं क्लबका सर्भिस चेयर थापाले बताउनु भयो। कार्यक्रममा वरिष्ठ फिजिसियन डा. बद्री पौडेल, मिर्गौला विशेषज्ञ डा. क्लारा लगायतको स्वास्थ्यकर्मीको टिमले रहेको थियो।

५ वर्षअघि स्थापना भएको रोटरी लेकसाइडले रोटरी किड्नी केयर निर्माणको लागि हालसम्म ३५ लाख बराबरको प्रारम्भिक पूर्वाधार निर्माण गरिसकेको छ । कुल ६ करोड लागतमा निर्माण किड्नी केयर सेन्टरको डिपिआर तयारी हुँदै गरेको सेन्टरका सचिव मीन गुरुङले जानकारी दिनुभयो। ३ रोपनी ४ आना जग्गामा १ वर्षभित्र बन्ने सो सेन्टरमा पहिलो चरणमा २० वटा डायलोसिस मेसिन जडान गरी सेवा दिइने लक्ष्य रहेको थापाले जनाउनु भयो।

## संघीयता बलियो बनाउन एकताबद्ध प्रयास आवश्यक- मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ फागुन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले मुलुकको राजनीतिक स्थिरतासँगै सङ्घीयतालाई बलियो बनाउन एकताबद्ध प्रयास हुनुपर्ने बताउनुभएको छ।

गण्डकी प्रदेशसभाको आजदेखि सुरु भएको नवौं अधिवेशनलाई सम्बोधन गर्दै उहाँले प्रदेश सरकार जनताले सङ्घीयताको महसुस गर्ने गरी विकास निर्माण कार्य अघि बढेको बताउनुभयो। प्रदेश सरकार अस्तित्वमा आएको चार वर्ष बितिसक्दासमेत सङ्घले कतिपय कानून नबनाइदिएका कारण काम अगाडि बढ्न नसकेको बताउँदै मुख्यमन्त्री पोखरेलले निजामती ऐन नआउँदा राष्ट्रसेवक कर्मचारीको वृत्तिविकास हुन नसकेको उल्लेख गर्नुभयो।

लोककल्याणकारी राज्यको अवधारणानुसार नागरिकलाई अधिक सेवा र सुविधा दिन प्रदेश सरकार लागिपरेको उल्लेख गर्दै उहाँले प्रदेशभित्रका नागरिकलाई निःशुल्क रगत तथा रगतजन्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको जानकारी दिनुभयो।

"जनयुद्ध र जनआन्दोलनका घाइते, सहिद, बेपत्ता र अपाङ्गता भएका परिवारका सदस्यलाई प्रदेश सरकार मातहतका अस्पतालबाट निःशुल्क स्वास्थ्य




सेवा उपलब्ध गराउने व्यवस्था भएको छ", मुख्यमन्त्री पोखरेलले भन्नुभयो, "स्वास्थ्य सेवालाई गुणस्तरीय र सर्वसुलभ बनाउने उद्देश्यले प्रदेश स्वास्थ्य नीतिसमेत जारी गरिएको छ।"

कोभिड-१९ का कारण निधन भएका परिवारलाई प्रतिपरिवार रु ५० हजार र अभिभावक गुमाएका बालबालिकाको हकमा मासिक रु पाँच हजारका दरले राहत तथा मानवीय सहायता उपलब्ध गराइएको छ। नीति तथा कार्यक्रम र बजेटमा उल्लेख भएअनुसार प्रदेशलाई सडक मानवमुक्त घोषणा गरी उद्धार र संरक्षणका कार्य भइरहेको बताउँदै उहाँले मानव सेवा आश्रममा आश्रित प्रतिव्यक्तिलाई प्रदेश सरकारले मासिक रु तीन हजारका दरले सहयोग उपलब्ध गराउँदै आएको जानकारी दिनुभयो । गण्डकी प्रदेशको पहिलो समृद्धिको आधार पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि प्रदेश सरकारले पर्यटन विकासको सम्भाव्यता र अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसारका लागि नेपालस्थित विभिन्न विदेशी राष्ट्रका राजदूत तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधिलाई आमन्त्रण गरिएको उहाँले जानकारी दिनुभयो।

सङ्घीयताको प्रभावकारी कार्यान्वयनसँगै अस्तित्वमा आएका प्रदेश सरकारबीच अनुभव आदानप्रदान र पर्यटन प्रवर्द्धनका लागि अन्तरप्रदेश सद्भावना भ्रमण कार्यक्रम सञ्चालन गरिएको जानकारी दिँदै मुख्यमन्त्री पोखरेलले भ्रमणले प्रदेशबीच आर्थिक, सामाजिक र सांस्कृतिक सहकार्यका सम्भावनालाई बढाएको बताउनुभयो।

चालु अधिवेशनमा विभिन्न महत्वपूर्ण ऐन ल्याउने तयारी गरिएको मुख्यमन्त्री पोखरेलले जानकारी दिँदै प्रमुख प्रतिपक्षी दलबाटसमेत महत्वपूर्ण सहयोगको अपेक्षा गरेको बताउनुभयो। पोखरा क्षेत्रीय अन्तरर्ष्ट्रिय विमानस्थल सञ्चालन सहजीकरण समितिले विमानस्थल शीघ्र सञ्चालनका लागि आवश्यक समन्वय र सहजीकरण गरिरहेको चचौ गर्दै उहाँले काहुँखोलादेखि विमानस्थल पुग्ने भलपानी व्यवस्थापनको काम अघि बढेको र विजयपुर खोलाको कटान रोक्नका लागि सङ्घ सरकारले काम थालिसकेको बताउनुभयो। गण्डकी प्रदेशसभामा प्रमुख प्रतिपक्षी दलका नेता एवं संस्थापक मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले जनताका आधारभूत आवश्यकतासँग जोडिएका विकास निर्माणका कामले निरन्तरता पाउनुपर्नेमा जोड दिनुभयो । अघिल्लो सरकारले सुरु गरेको 'एक घर, एक धारा', उज्यालो प्रदेश, वातावरणमैत्री कृषि नमूना गाउँ, शिक्षा, स्वास्थ्य, सडक जस्ता विभिन्न विकास निर्माण योजनाको बजेट कटौती गर्दा समृद्धिको आधारले गति लिन नसकेको उहाँको भनाइ थियो । सङ्घीयताको संस्थागत विकासका लागि जनताको आशा र विश्वास जगाउन अपरिहार्य भएको उल्लेख गर्दै निर्माण भएका कानूनको प्रभावकारी कार्यान्वयमा उहाँको जोड


बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्राविधिक कारणले मतपत्रको रङ परिवर्तन गरिएको आयोगको स्पष्टोक्ति

**रासस**
**काठमाडौं, २६ फागुन**

निर्वाचन आयोगले प्राविधिक कारणले आसन्न स्थानीय तह निर्वाचनमा प्रयोग हुने मतपत्रको मसी परिवर्तन गर्ने निर्णय गरिएको प्रष्ट पारेको छ । आयोगमा आज आयोजित नियमित पत्रकार सम्मेलनमा सहप्रवक्ता सूर्यप्रसाद अर्यालले मतपत्र र स्वस्तिक छापबीचको 'रङ भिन्नता' छुट्याउन मात्र मतपत्र छपाइको मसी परिवर्तन गर्ने निर्णय गरिएको प्रष्ट पार्नुभयो। आयोगले स्थानीय तह निर्वाचनका लागि आवश्यक मतपत्र छपाइ गर्दा मतपत्रमा छपाइ हुने चिह्न, विवरण तथा सुरक्षण चिह्न हरियो (एसके-३०८१ स्पेक्ट्रम ब्राइट ग्रीन) मसीले छपाइ गर्ने निर्णय गरेको

बाँकी अन्तिम पृष्ठमा ▶▶



# हिंसामुक्त कार्यस्थलमा जोड

पोखरापत्र संवाददाता
पोखरा, २६ फागुन



कार्यस्थलमा हुने हिंसा न्यूनीकरणका लागि सकारात्मक सोचसँगै कानुन कार्यान्वयनमा जोड दिइएको छ । ११२ औं अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा पोखरामा बिहीबार आयोजित 'महिलाको सफलताको लागि हिंसामुक्त कार्यस्थलको आवश्यकता' विषयक अन्तर्क्रियाका वक्ताले सो कुरामा जोड दिएका हुन् ।

मिडिया एड्भोकेसी ग्रुप/सोलिडारिटी सेन्टरको आयोजनामा भएको सो कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता रोहितराज बास्तोलाले कार्यस्थलमा हुने हिंसा न्यूनीकरणका लागि पीडित पक्षले सहजरुपमा उजुरी दिने वातावरण हुनुपर्नेमा जोड दिए । उनले कार्यस्थलमा ११ देखि १४ प्रतिशतसम्म महिला हिंसा हुने गरेको उल्लेख गर्दै कानुनको कार्यान्वयन फितलो हुँदा यसखालको समस्या सिर्जना भएको बताए । राष्ट्रिय मानवअधिकार आयोग प्रदेश कार्यालय पोखराका प्रमुख चन्द्रकान्त चापागाईंले नेपालले महासन्धिमा पक्ष राष्ट्र भए पनि राज्यले कार्यान्वयन तहमा लैजान नसकेको बताए । उनले समतामूलक विकासमा लैंगिक हिंसा चुनौतीको विषय भएको उल्लेख गरे ।

कार्यपत्र प्रस्तुत गर्दै नेपाल पत्रकार महासंघ कास्की उपाध्यक्ष जमुना वर्षा शर्माले आइएलओको 'कामको संसारमा हुने हिंसा तथा दुर्व्यवहार उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि' पारित हुनुपर्नेमा जोड दिइन् । उनले पितृसतात्मक सोच कायमै रहँदा कार्यस्थलमा महिला हिंसामा पर्दै आएको उल्लेख गर्दै पीडितको गोपनीयतामा समेत ध्यान दिनुपर्नेमा बताइन् । कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिलकुमार शाहीले समाजमा खाना र नानाको अभावले विभिन्न विकृति हुने गरेको उल्लेख गरे । उनले कार्यस्थलमा महिला हिंसाविरुद्ध आफ्नो जानकारीमा जिल्ला प्रशासन कार्यालयमा हालसम्म भने कुनै उजुरी नपरेको बताए ।

संविधानसभा सदस्य तेजकुमारी पौडेलले नेपालको सामन्ती व्यवस्थाले महिला घरेलु हिंसामा पर्दै गएको बताइन् । उनले महिला अधिकारको रक्षाका लागि सबै जना एकजुट हुनुपर्नेमा जोड दिइन् । पोखरा वडा १ की अध्यक्ष शारदाकुमारी पौडेलले हिंसामुक्त समाजको लागि घरबाटै पहल गर्नुपर्नेमा जोड दिइन् । अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय, पोखराका कार्यकारी निर्देशक निर्मला न्यौपानेले मानिसको चेतनाले नै आफ्नो व्यवहार निर्देश गर्ने उल्लेख गरिन् । उनले आमाको नाममा नागरिकता लिन थुप्रै कानुनी झन्झट व्यहोर्नुपर्ने समस्या रहेको सुनाइन् । पोखरा उद्योग वाणिज्य संघ महिला उद्यम विकास समिति संयोजक मुना बास्तोलाले महिला निर्णायक तहमा नहुँदा उनीहरुको आवाज सधैं दबिने गरेको गुनासो गरिन् ।

पत्रकार सुरेश रानाभाटले कार्यस्थलमा हुने महिला हिंसा निराकरणका लागि 'ह्वाई कल्चर' को विकास गर्नुपर्ने बताए । कार्यक्रममा विवेकशील साझाका केन्द्रीय सदस्य श्रीकृष्ण श्रेष्ठ, नेपाली काँग्रेस प्रदेश सदस्य लालीमाया शर्मा, तालबाराही आरति समूह अध्यक्ष मंगल नेपाली, पत्रकार शिवराज बस्ताकोटी 'शिव दाइ' लगायतले बोलेका थिए । कार्यक्रम संयोजन राधिका कँडेलले गरेकी थिइन् ।

# आदिवासी जनजाति महासंघ, कास्कीको अध्यक्षमा कुमाल

पोखरापत्र संवाददाता
पोखरा, २६ फागुन



नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद्, कास्कीको अध्यक्षमा मानिन्द्र कुमाल सर्वसम्मत निर्वाचित हुनुभएको छ ।

मंगलबार सम्पन्न सातौं जिल्ला अधिवेशनबाट उपाध्यक्षमा प्रथम छन्त्याल, विजेन्द्र चौधरी र बुद्धिमाया थापामगर, सचिवमा विष्णुमाया गुरुङ, सह-सचिवमा प्रमिला श्रेष्ठ, भीमकुमारी पुनमगर (पुष्पा) र वसन्त भट्टचन एवं कोषाध्यक्षमा चन्द्र तामाङ (मुस्कान) सर्वसम्मत निर्वाचित हुनुभएको छ । त्यसैगरी, १७ सदस्यीय परिषद्का सदस्यहरूमा यमकुमारी गुरुङ, लज्जावती दुरा, फुर्वा छिरिङ ताङ्वे, मनकुमारी तामाङ, रामबहादुर रजत, मीना श्रेष्ठ, देउकुमारी थापामगर र ढकमाया भुजेल रहनुभएको छ । यसअघि, अधिवेशनको उद्घाटन गर्दै संविधानसभा सदस्य राजकाजी गुरुङ (करण)ले आफ्नो पहिचान र अधिकारका लागि आदिवासी जनजाति समुदायले एकताबद्ध भएर निरन्तर खबरदारी गर्नुपर्ने धारणा राख्नुभयो । कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघका उपाध्यक्ष एवं गण्डकी प्रदेश इञ्चार्ज गणेश थकाली, प्रदेश अध्यक्ष खेम पुनमगर, नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद्, तनहुँकी अध्यक्ष वसुन्धरा घर्ती, लमजुङका अध्यक्ष हरिजंग तामाङ, भुजेल समाज सेवा समितिका महासचिव पानबहादुर घर्तीलगायतले बोल्नुभएको थियो । नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद्, कास्कीका निवर्तमान अध्यक्ष धर्म गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव बमबहादुर छन्त्यालले गर्नुभएको थियो ।

# चौतारीको महाधिवेशन तयारी पुरा, ११ जना पत्रकार पुरस्कृत हुँदै

पोखरापत्र संवाददाता
पोखरा, २६ फागुन

पोखरामा फागुन २७ र २८ गते हुने प्रेस चौतारी नेपालको नवौं राष्ट्रिय महाधिवेशनको सम्पूर्ण तयारी पुरा भएको छ । चौतारीको महाधिवेशन नीति र नेतृत्वको हिसाबले महत्वपूर्ण रहेको महाधिवेशन मुल व्यवस्थापन समितिका संयोजक गणेश पाण्डेले बताउनुभयो । महाधिवेशनमा अहिलेको सञ्चार क्षेत्रको मुद्दाका बारेमा गहन रुपमा छलफल हुने उहाँले जनाउनुभयो ।

' प ॅ ` स
चौतारीको नवौं महाधिवेशन नीति र नेतृत्वको हिसाबले महत्वपूर्ण छ, महाधिवेशनमा अहिलेको सञ्चार क्षेत्रको मुद्दाका बारेमा गहन ढंगले बन्दसत्रमा छलफल हुन्छ' उहाँले भन्नुभयो । नयाँ नेतृत्व चयन हुने भएकोले समेत यो महाधिवेशनलाई धेरैले चासोको रुपमा हेरेका छन् । महाधिवेशनबाट सर्वसम्मत ढंगले नयाँ नेतृत्व चयन हुने संयोजक पाण्डेले बताउनुभयो । 'अहिलेको परिवर्तन पत्रकारितामा आएका चुनौतीहरुलाई बोक्न सक्ने खालको नयाँ नेतृत्व चयन गर्दै हार्दिकताका साथ सहमतिमै अधिवेशन सम्पन्न हुनेछ' हालका उपाध्यक्ष समेत रहनुभएका पाण्डेले भन्नुभयो । महाधिवेशनको अवसरमा ११ जना पत्रकारलाई पुरस्कृत गरिने भएको छ । जसअनुसार हृदयचन्द्र सिंह प्रधान पत्रकारिता पुरस्कार २०७७ बाट प्रेस चौतारीका पूर्व अध्यक्ष राजेन्द्र अर्याल तथा २०७८ बाट अर्का पूर्व अध्यक्ष गगन विष्टलाई प्रदान गरिने भएको छ । अग्निशिखा पत्रकारिता पुरस्कार २०७७ कृष्ण विनोद लम्साल तथा २०७८ बाट झलक सुवेदी पुरस्कृत हुनुहुने भएको छ । डेकेन्द्र थापा पत्रकारिता पुरस्कार २०७७ सागर पण्डित र २०७८ हिरा परियारलाई प्रदान गरिनेछ । वीरेन्द्र साह क्रियाशिल पत्रकारिता पुरस्कार २०७७ बाट केपी गौतम र २०७८ बाट अनुप तिवारी पुरस्कृत हुनुहुनेछ । चन्द्र न्यौपाने शान्तिराम कार्की पत्रकारिता पुरस्कारबाट शान्ति गुरुङ तथा पदम लक्ष्मी सावित्री स्मृति पत्रकारिता पुरस्कार २०७७ अब्दुल्ला मिया र २०७८ शिवराज भट्टलाई प्रदान गरिनेछ ।

पोखरा सभागृहमा हुने महाधिवेशनको उद्घाटन फागुन २७ गते नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुहुनेछ । महाधिवेशनमा देशभरका झण्डै १ हजार २ सय पत्रकारको सहभागीता रहनेछ ।

# 'नेतृत्वमा महिलालाई स्थापित गर्न निरन्तर अभियान'

पोखरापत्र संवाददाता
पोखरा, २६ फागुन



शासन, कानुन, समय बदलिए पनि नेपाली समाज अझै पितृसत्तात्मक सोचबाट चलिरहेको छ । राजनीतिसहित समाजका सबैजसो क्षेत्रमा महिला नेतृत्वमा कम छन् । भएका ठाउँमा पनि उप, सहायक जस्ता कार्यकारी भूमिका नहुने पदमा छन् ।

नारी र पुरुषलाई एक रथका दुई पांग्रा मानिन्छ । नारी अर्थात् एउटा पांग्रो कमजोर बनाइएकाले समाज अग्रगतिमा बढी बढ्न नसकेको एक कार्यक्रमका वक्ताहरुले औंल्याएका छन् । नारी जागरण अभियान गण्डकीले 'नेतृत्वमा महिला' अभियान अन्तर्गत बुधबार आयोजना गरेको कार्यक्रमका वक्ताहरुले यस्तो बताएका हुन् । कार्यक्रममा पोखरा महानगरकी उपप्रमुख मञ्जुदेवी गुरुङले महिलाले क्षमताको आधारमा समान हक माग्ने समय आइसकेको बताइन् । उनले ज्ञान, सीप, तर्कमा अब्बल गर्न आग्रह गर्दै ऐन, कानुनलाई व्यवहारमा लागू गर्न दबाब दिनुपर्ने औंल्याइन् । उनले भनिन्, 'हामीले पुरुषको भाग खोस्ने होइन, क्षमताको आधारमा समान अधिकार लिने हो । रथ चल्न दुवै पांग्रा समान हुनुपर्छ, सँगै हिड्नुपर्छ । एउटा पांग्रा कमजोर हुँदा नेपाली समाज अग्रगामी बन्न सकेको छैन ।'

कांग्रेस नेतृ लक्ष्मी पाण्डेले सबै पार्टीमा महिलालाई पछि पारिएको फेहरिस्त प्रस्तुत गर्दै महिलालाई नेतृत्वमा स्थापित गर्न सामूहिक प्रयत्न जरुरी भएको तर्क गरिन् । आफूलाई अन्यायमा पारिए, पछि पारिए बोल्न र छलफलमा आउन उनले महिलालाई अनुरोध गरिन् । नागरिक अधिकारकर्मी रामबहादुर पौडेलले ठाउँ ठाउँमा यस खालका अभियान चल्नुपर्नेमा जोड दिए । उनले अभियानलाई भ्याङ होइन, समाज परिवर्तनको माध्यम बनाउन आग्रह गरे । पौडेलले भने, 'यो खालका अभियान देशैभर चल्नु जरुरी तर यसलाई भ्याङ बनाउनु हुँदैन ।'

पोखरा महानगरका प्रवक्ता धनबहादुर नेपालीले समावेशिता लोकतन्त्रको अमूल्य पक्ष भएको विचार राखे । उनले लैंगिक तथा जातीय विभेद हटाउन नीति निर्माण गर्ने ठाउँमा शोषित, पछि पारिएका, उत्पीडितको प्रतिनिधित्व जरुरी हुने जनाए ।

कार्यक्रममा पोखरा ५ का वडा सदस्य उज्ज्वल खत्री, पोखरा ९ की वडा सदस्य अभियन्ताहरु राममाया मानन्धर, हरिमाया विश्वकर्मा, लक्ष्मी अधिकारी लगायतले बोलेका थिए । नारी जागरण अभियान गण्डकी संयोजक अञ्जु केसीले महिलालाई आर्थिक, सामाजिक र राजनीतिक रुपमै सक्षम बनाउन अभियान सहयोगी हुने उल्लेख गरिन् । उनले भनिन्, 'संविधान, कानुनले अधिकार दिए पनि व्यवहारमा लागू भएको देखिएको छैन । यो खबरदारीसहित हक, अधिकार स्थापित गर्ने प्रयत्न पनि हो ।'

अभियान अन्तर्गत छलफल, अन्तर्क्रियासहित प्रमुख राजनीतिक दलका नेताहरुलाई ज्ञापनपत्र बुझाइने उनको भनाइ छ । नेतृत्वमा महिलाको सम्मानजनक उपस्थिति सुनिश्चित नभएसम्म अभियान निरन्तर रहने उनको भनाइ छ । केसीले भनिन्, 'आधा आकास भन्ने चौथाइ पनि स्थान नदिने मानसिकता परिवर्तन गर्न सबै जुट्नुपर्छ ।'

## संघीयता...

थियो । नेकपा (माओवादी केन्द्र) संसदीय दलका नेता हरिबहादुर चुवानले सङ्घीयताको संस्थागत विकासका लागि संविधानमा उल्लेखित मौलिक हक कार्यान्वयनमा आउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

जसपाका नेता एवं ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री हरिशरण आचार्यले मुलुकमा राजनीतिक स्थिरताका लागि साझा सङ्कल्प बनाएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । राष्ट्रिय जनमोर्चा नेपाल गण्डकी प्रदेश संसदीय दलका नेता पियारी थापाले सरकारले बजार मूल्यवृद्धि नियन्त्रण गर्न नसक्दा जनता मारमा परेको उल्लेख गर्दै मुलुकमा बढेको बेथितिको अन्त्यका लागि तीनै तहका सरकार जिम्मेवार भएर लाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

त्यसअघि सभामुख नेत्रनाथ अधिकारीले प्रदेश प्रमुख कार्यालयबाट अधिवेशन आह्वानसम्बन्धी पत्र र विधेयक प्रमाणीकरण र मन्त्रिपरिषद् हेरफेर तथा कार्यविभाजनसम्बन्धीपत्रबारे सदनलाई जानकारी गराउनुभएको थियो ।

## प्राविधिक...

थियो । मतपत्र छपाइको मसी परिवर्तन गर्ने आयोगको निर्णयपछि दलहरुको फरकफरक प्रतिक्रिया जनाएका छन् । प्रमुख प्रतिपक्षी नेकपा (एमाले) ले मतपत्र छपाइको मसी प्रयोग गर्ने आयोगको निर्णयप्रति आशङ्का व्यक्त गरेको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले मतपत्र छपाइको मसी परिवर्तन गर्नुका कारण स्पष्ट पार्नुपर्ने बताउनुभएको थियो । सहप्रवक्ता अर्यालले प्राविधिक कारणले मात्र स्थानीय तह निर्वाचनको मतपत्रको मसी परिवर्तन गर्ने निर्णय गरिएको बताउनुभयो ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# नेपालले लिनुपर्ने शिक्षा

भारतको पाँच राज्य विधानसभा चुनावको परिणाम सार्वजनिक भएको छ। सात चरणमा भएको निर्वाचनको मत परिणामले आगामी आम निर्वाचनमा भारतीय जनता पार्टीले ह्याट्रिक गर्ने संकेत गरेको छानेपालको सिमा जोडिएको उत्तराखण्ड र दक्षिणतिर सीमा जोडिएको भारतकै सबैभन्दा ठूलो उत्तर प्रदेशको चुनावी परिणाम जनताको अभिमत कता छ भन्ने स्पष्ट पारेको छ। निर्वाचनमा दुबै प्रदेशका मुख्यमन्त्री पनि प्रतिस्पर्धामा थिए। तर उत्तर प्रदेशमा जित्दा उत्तराखण्डमा भने पराजित भएका छन्।

दुबै प्रदेशमा भारतीय जनताको पार्टीबाट मुख्यमन्त्री थिए। प्राप्त मतपरिणामअनुसार दुबै प्रदेशमा भाजपाले पुनः बहुमत हासिल गरे पनि उत्तराखण्डमा बहालवाला मुख्यमन्त्री पुस्कर सिंह धामी पराजित भएका छन्। पुर्ख्यौली थलो नेपाल भएका र नेपालमा थुप्रै नातासम्बन्ध भएका धामी भाजपाबाट खटिमा क्षेत्रमा चुनाव लडेका थिए। उनलाई उत्तराखण्ड कंग्रेसका अध्यक्ष भुवन कापडीले पराजित गरेका छन। कुल खसेको ९१ हजार ३२५ मतमध्ये विजयी भएका कपाडीले ४७ हजार ६२६ मत प्राप्त गरे। ४० हजार ६७५ मत पाएका धामी झण्डै ७ हजार मतअन्तरले पराजित भए। उत्तराखण्डमा भाजपाले ७० मध्ये ४७ सिटमा अग्रता लिएको छ।

गोरखपुरबाट चुनाव लडेका उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ भने भारी मतले विजयी भएका छन्। उनी आफूमात्रै विजय भएनन्। पार्टीको स्पष्ट बहुमत पनि सुनिश्चित गरेका छन्। पहिलोपटक विधानसभा निर्वाचनमा प्रतिस्पर्धा गरेका योगीले कीर्तिमानी जीत हासिल गरेका छन्। गोरखपुर सीटमा ५४ हजार ८५८ को फराकिलो अन्तरले जितेका योगीले ८५ हजार ३५६ मत प्राप्त गरे। प्रतिद्वन्द्वी समाजवादी पार्टीकी उम्मेदवार सुभवती शुक्लाले ३० हजार ४९८ मत पाइन्। आजाद समाज पार्टीका प्रमुख चन्द्रशेखर आजादले मात्र ४ हजार ५०१ मत प्राप्त गरे।

व्यक्तिगत मतपरिणामले मात्रै होइन योगीले उत्तर प्रदेशमा एउटै पार्टी दुई कार्यकाल लगातार सरकार सञ्चालन गर्ने कीर्तिमान कायम गरेका छन्। उत्तरप्रदेशको इतिहासमा कुनै पनि पार्टीले दोहोऱ्याएर सत्ता चलाएको उदाहरण छैन। यस हिसाबले मत परिणामको फराकिलो अग्रता र दोस्रो कार्यकालका लागि सत्ता सञ्चालन गर्ने कीर्तिमान योगीले कायम गरेका छन्। भारतको केन्द्रीय राजनीतिमा उत्तर प्रदेशको ठूलो प्रभाव पार्दछाभाजपाले आगामी निर्वाचनमा योगीलाई अघि सार्न सक्ने संभावना बढाएका छ। नेपालको धेरै सिमा जोडिएको र त्यसको प्रभाव तराईमा पर्ने हुँदा नेपालका राजनीतिक पार्टीले कस्लाई अघि सार्दा जनताले मतदान गर्छन भन्ने शिक्षा पनि हो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : मानसिक तनाब |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : मन चञ्चल |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : झमेला बढ्ने | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# कर्मचारी अभावले सेवाग्राहीलाई सास्ती

पोखरापत्र संवाददाता
बागलुङ, २६ फागुन

पश्चिम बागलुङका नागरिकलाई सहजताका लागि बुर्तिबाङमा स्थापना गरिएको मालपोत कार्यालयमा कर्मचारी नहुँदा सेवा ग्राहीले सास्ती भोग्नुपरेको छ। अहिले कार्यालय एक सुब्बाको भरमा चलेको छ।

बुधबार मात्रै एक जना सुब्बा थपिनुभएको छ। कार्यालय प्रमुख दिलबहादुर केसी यही फागुन ३ गते जिल्ला कारागार बागलुङमा सरुवा भएपछि झन कर्मचारी अभावमा काम गर्न निकै समस्या भएको हो। तेह्र कर्मचारको दरबन्दी रहेको यस कार्यालयमा अहिले दुई सुब्बा, तीन कार्यालय सहयोगी र दुई कम्युटर अपरेटरका भरमा कार्यालय सञ्चालन गर्नुपरेको नायब सुब्बा कासीराम खड्काले बताउनुभयो।

उहाँले अहिले एक नायब सुब्बा आएपछि केही सहज भएको बताउनुभयो। उहाँले केही समय आफू एक्लै काम गर्दा प्रभावकारी सेवा प्रदान गर्न समस्या भएको बताउनुभयो। हाल कार्यरत दुई कम्प्युटर अपरेटर कराका हुन्।

स्थायी कर्मचारी भने छैनन्। तीन कार्यालय सहयोगीमध्ये एक मात्रै स्थायी हुन्। कार्यालयमा एक अधिकृत, तीन खरिदार, तीन नासु र एक लेखा अधिकृतको पद खाली रहेको उहाँको भनाइ छ।

मालपोत कार्यालयमा दैनिक २०/२५ जनासम्म सेवाग्राही आउने गर्छन्। गाउँगाउँबाट आएका नागरिक समयमा काम नसकिएर तीन चार दिनसम्म बजारमा बस्नुपर्ने बाध्यता रहेको खड्काले बताउनुभयो। उहाँले कर्मचारी नहुँदा यो अवस्था सिर्जना भएको जानकारी दिनुभयो।

# केराखेतीमा गवारोको समस्या

पोखरापत्र संवाददाता
म्याग्दी, २६ फागुन

म्याग्दीका किसानले लगाएको गहुँबालीमा पहैंलो र खैरो सिन्दुरे रोगको प्रकोप देखिएपछि किसान चिन्तित बनेका छन्। कृषि प्राविधिकका अनुसार गहुँमा लाग्ने सिन्दुरे रोग एक प्रकारको ढुसीजन्य रोग हो। यो रोग हावाको माध्यमाबाट सर्ने गर्छ।


विगत वर्षमा गहुँबालीमा डढुवा रोग देखिने गरेकामा यसवर्ष सिन्दुरे रोगको प्रकोप देखिएको जिल्लाका अगुवा किसान चन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो। उहाँका अनुसार कतै पहैंलो त कतै खैरो सिन्दुरे रोगले गुहँबालीमा क्षति पुऱ्याउन थालेपछि किसानले विषादीको प्रयोग गर्न थालेका छन्। ढुसीका कारण गहुँबालीमा यो रोग देखापर्ने प्राविधिकको भनाइ छ। कृषि ज्ञान केन्द्र म्याग्दीका अनुसार हाल सिफारिसमा आएका हिमगङ्गा, भेरी गैगा, मुडुले १, खुमल शक्ति, जिङ्क गहुँ १, जिङ्क गहुँ २ गहुँका जातमा सिन्दुरे रोग कम देखिएको छ। जिल्लाका ज्यामरुककोट, रत्नेचौर, अर्मन, सिमलचौर, मालिकालगायतका क्षेत्रमा लगाएको गहुँबालीमा बोट मर्ने, पात सुक्ने जस्ता रोग देखिएपछि किसान चिन्तित बनेका हुन्। उता यहाँका किसानले गरेको व्यावसायिक केरा खेतीमा दुईवर्ष अघिदेखि लागेको गवाँरो रोगको प्रकोप नियन्त्रणमा आउन नसक्दा केरा खेती गरेका किसानले हैरानी व्यहोर्न बाध्य भएका छन्। गतवर्षको चैत साउनमा पनि केरामा गवारो रोग लागेर कोसा लाग्ने बेलाका केराका बोट सुकेका थिए।

गत साउनमा पनि खपटे घुन र गवारो रोगले क्षति पुऱ्याएको केरा खेती तङ्ग्रिन नपाउँदै पुनःरोग फैलिएपछि यहाँ केरा खेती गरेका किसान चिन्तित बनेका बेनी नगरपालिका– २ खबराका किसान शोभित शर्मा सापकोटाले बताउनुभयो। उहाँले लगाएका ६०० केराका बिरुवामध्ये ६० भन्दा बढी गवारो रोगका कारण मरेका छन्। पश्चिम म्याग्दीको मङ्गला, मालिका, धौलागिरि गाउँपालिका र बेनी नगरपालिका-२ खबरा, बगरफाँट, वडा नं ४ सिङ्गा, थामडाँडालगायत जिल्लाका विभिन्न क्षेत्रमा गरिएको व्यावसायिक केराखेतीमा कीरा र रोगको प्रकोप देखिएपछि किसान मारमा परेका बेनी नगरपालिका-२ बगरफाँटका किसान बेदप्रसाद उपाध्यायले जानकारी दिनुभयो।


## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

मिति २०७८ साल मंसिर २५ गतेका दिन नागडाँडा बजारबाट स्याङ्जा बजार तर्फ जाँदै गर्दा मेरो तपसिल बमोजिमको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न बमोजिमको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : प्रतिमा ढकाल
नागरिकता नं. : ४२–०१–७३–००३०१
ठेगाना : आँधीखोला गाउँपालिका वडा नं. २,
साबिक : चिलाउनेबास गा.वि.स वडा नं.१
एस.एल.सी. सिम्बोल नं. ०४३५५०० 'Z'
कक्षा ११/१२ को सिम्बोल नं. : ३३९००११९
सम्पर्क नं. : ९८४६६५८३५७



## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

मिति २०७८ साल मंसिर १२ गतेका दिन सेतीदोभान बजारबाट स्याङ्जा बजार तर्फ जाँदै गर्दा मेरो तपसिल बमोजिमको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न बमोजिमको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : मिना शर्मा
नागरिकता नं. : ५९६१३
ठेगाना : आँधीखोला गाउँपालिका वडा नं. ५,
साबिक : सेतीदोभान गा.वि.स वडा नं.६
एस.एल.सी. सिम्बोल नं. १४३१२६२ 'N'
कक्षा ११/१२ को सिम्बोल नं. : ३४४१६०१६
सम्पर्क नं. : ९८५६०५०५८८




# विन्ध्यवासिनीमा प्रतिभा पहिचान

पोखरापत्र संवाददाता
पोखरा, २६ फागुन



पोखराको बाटुलेचौर स्थित विन्ध्यवासिनी माविले हीरक जयन्तीका अवसरमा विद्यार्थी केन्द्रित विभिन्न कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रम अन्तर्गत प्रतिभा पहिचान तर्फ समूहगत नृत्यमा लक्ष्मी गुरुङ र रोशनी परियार प्रथम, अमिशा गुरुङ, युनिश गुरुङ र रुप्सा राई दितिय, अभिषेक वि क र रश्मिता गौतम तृतीय भएका छन। त्यस्तै एकल तृत्य तर्फ जेनिशा वि क र आरती विक प्रथम, रश्मि वि क र सर्मिला सुनार दितिय र एलिशा सुनार तथा विपना जिसि तृतीय भएका छन। गायन तर्फ अभय श्रेष्ठ र सुशान्त गायक प्रथम, सुजन विक, प्रमोद सुवेदी र ओस्कार बस्नेत दितिय ,सोहन,यूनिशा र सृजल सिंह भण्डारी तृतीय भएको प्रचार प्रसार उपसमितिका सदस्य दिनेश शर्माले जानकारी दिएका छन। हीरक जयन्तीकै अवसरमा आयोजित बक्तृत्वकला प्रतियोगितामा सुदर्शन तिमिल्सिना प्रथम, आशिक गौतम दितिय र सर्मिला भुजेल तृतीय तथा छात्रा भलिबल तर्फ रेड हाउस विजेता बन्दा एल्लो हायस उपविजेता बनेको छ। यसअघि प्रतिभा पहिचान कार्यक्रमको उदघाटन गर्दै पूर्व विद्यार्थी प्रविन बाबु भट्टराईले यस्ता कार्यक्रमले विद्यार्थीको मानसिक तथा शारीरिक विकास हुने बताउँदै प्रतिभावान विद्यार्थीको सबैले कदर गर्नुपर्ने बताउनु भएको छ। कार्यक्रम संयोजक शंकर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षक महेन्द्रमणी पौडेल, दुर्गा सापकोटा, इन्दु भट्टराईले प्रतिभा भएका विद्यार्थीको मूल्यांकन गर्नुभएको थियो भने कार्यक्रम संचालन विद्यार्थी धुव्र अर्यालले गरेका थिए। हीरक जयन्तीकै अवसरमा शुक्रबार कास्की जिल्ला भित्रका सामुदायिक विद्यालय बीच जिल्लास्तरीय बक्तृत्वकला प्रतियोगिता हुने विद्यालयले जनाएको छ।

# पोखरा ५ मालेपाटनमा जेष्ठ नागरिकको दोस्रो दिवा सेवा केन्द्र

पोखरापत्र संवाददाता
पोखरा, २६ फागुन

पोखरा महानगरपालिका वडा नं. ५ मालेपाटनमा वडास्तरीय बजेट व्यवस्थापनमा जेष्ठ नागरिकको दिवा सेवा केन्द्र शुभारम्भ भएको छ।

श्री गतिशील महिला आमा समूहको भवनमा संचालन गरिने सेवा केन्द्रको प्रारम्भ गर्दै पोखरा महानगरपालिकाका प्रवक्ता एवं वडा अध्यक्ष धन बहादुर नेपालीले बृद्धाश्रम होइन दिवा सेवा केन्द्रको परिकल्पना र संचालनमा जोड दिनुपर्ने बताए।

पोखरा ५ को पर्स्याङमा ३ वर्ष अघि दिवा सेवा केन्द्र संचालनमा छ भने अर्को मनकामना मन्दिर भवनमा संचालनको तयारी चलिरहेको छ। महिला समूह अध्यक्ष तारा बरालको अध्यक्षतामा भएको शुभारम्भ कार्यक्रममा वडा सदस्य अञ्जु केसी, समाजसेवी विष्णु प्रसाद बराल र शोभाकान्त गौडेल, शारदा अधिकारी, धनञ्जय शर्मा, वडा सचिव विष्णु शर्मा लगायतले दिवा सेवा केन्द्रको महत्व बारे बोल्नुभएको थियो।

दिवा सेवा केन्द्रमा टिभी, पत्रपत्रिका, चिया, बाजागाजा र प्रवचनको व्यवस्था गरिएको छ।

# अवरुद्ध डुम्रे–बैँसीशहर सडकखण्ड सञ्चालनमा

पोखरापत्र संवाददाता
लमजुङ, २६ फागुन

पृथ्वीराजमार्ग अन्तर्गत अवरुद्ध डुम्रे-बैँसीशहर सडक खण्ड सञ्चालनमा आएपछि यहाँको जनजीवन सहज बन्दैछ।

विगत दुई दिनदेखि अवरुद्ध सो सडकखण्ड आज बिहानदेखि सञ्चालनमा आएपछि यहाँको जनजीवन सहज बन्दै गएको हो। लमजुङस्थित मर्स्याङ्दी नदीमा डुबेर मृत्यु भएको विद्यार्थीको विषयलाई लिएर तनहुँ बाइसजागर बजारका स्थानीयवासीले टायर बालेर सो सडकखण्ड अवरुद्ध गरेका थिए। लमजुङतर्फ जारी निषेधाज्ञाका कारण यस खण्डमा ठप्प रहेको यातयात सेवा आज बिहानबाट सञ्चालन आएको हो। राति ९ बजेदेखि नै निषेधाज्ञा हटेपनि सवारीसाधन भने आज बिहानबाट मात्र सञ्चालनमा आएको बताइएको छ। तनावग्रस्त परिस्थितिलाई सामान्य बनाउने, कानुन अनुसार अघि बढ्ने र निषेधाज्ञा तथा विरोध प्रदर्शन नगर्ने लगायतका विषयमा पीडितपक्षसँग सहमति भएसँगै जिल्ला प्रशासन कार्यालय लमजुङद्वारा बुधबार बिहान ६ बजेदेखि जारी निषेधाज्ञा साँझ ९ बजे हटाएसँगै आज बिहानदेखि सवारी सञ्चालनमा आएको प्रमुख जिल्ला अधिकारी सुशील वैद्यले बताउनुभयो।

जिल्ला प्रशासन कार्यालय लमजुङले लमजुङ तनहुँको सिमाना पाउँदी बजारदेखि सिउडीबारसम्म निषेधाज्ञा जारी गरेपछि मृतकका आफन्त तथा पक्षधारहरूले विभिन्न माग राख्दै उक्त स्थानमा विरोध प्रदर्शन गरेपछि यातायत ठप्प हुँदा यात्रु मर्कामा परेका थिए। जिल्लाको सुन्दरबजार नगरपालिका-९ स्थित मर्स्याङ्दी नदीमा मङ्गलबार पौडी खेल्ने क्रममा फ्यूचर स्टार आवासीय माध्यमिक विद्यालयमा कक्षा १० मा अध्यनरत् तनहुँ भानु नगरपालिका- ९ घर भएका १७ वर्षीय सनिज श्रेष्ठको मृत्यु भएको थियो।

छात्रवासमा बसेका श्रेष्ठको आफन्तलाई जानकारी नै नदिइ छात्रवास बाहिर पौडी खेल्न पठाएको, आफन्तलाई थाहा नै नगरी शव लगेको, विद्यालयका संस्थापक बाबुराम पौडेल, मृतक श्रेष्ठसँगै पौडी खेल्न गएका विद्यालयका शिक्षक र अर्का विद्यार्थीमाथि छानबिन हुनुपर्ने माग गर्दै स्थानीयवासीको विरोध प्रदर्शनका कारण सो सडक अवरुद्ध भएको थियो।

जिल्ला प्रशासन कार्यालयका अनुसार मृतक विद्यार्थीसँगै गएका शिक्षक सरोज ओलिया र सविन गुरुङलाई प्रहरीले नियन्त्रमा लिएको छ। सुक्षम तरिकाले अनुसन्धान हुने, प्रहरीमा लिखित जाहेरी दिने, शवको परीक्षण गर्नेलगायत पीडित पक्षसँग सहमति भएपछि अवरुद्ध सडक सञ्चालनमा आएको छ। मृतकको शव परीक्षणका लागि जिल्ला अस्पताल लमजुङमा राखिएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ आर्वा स्थित श्री मोहरपानी आदर्श टोल विकास संस्थामा रहेको मोहरपानी पंधेरा संरक्षण तथा पून निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः श्री मोहरपानी पंधेरा संरक्षण तथा पून निर्माण
ठेगानाः पोखरा–१३ आर्वा
योजना सम्झौता मिति : २०७८/०८/२८ गते
योजना शुरु मिति : २०७८/०९/०१ गते
योजना सम्पन्न मितिः २०७८/११/२६ गते
योजनाको कुल लागत : रु. ३,३४,०००।–
महानगरपालिकाबाट प्राप्त रकम : रु.३,००,०००।–
उपभोक्ता समितिवाट : रु.३४,०००।–
उपभोक्ता समिति अध्यक्षः शिवराज बराल
उपाध्यक्षः कृष्ण प्रसाद बराल, सचिवः राजन कुमार सिग्देल
सहसचिवः विद्यादेवी बराल, कोषाध्यक्षः सूर्य बहादुर सिग्देल

**श्री मोहरपानी पंधेरा संरक्षण तथा पून निर्माण उपभोक्ता समिति पोखरा–१३ आर्वा**

